वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १८५ | २०८३ कात्तिक २८ गते शनिबार, नेपाल सम्वत् ११४७ November 14, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

फूलखेतीबाट आँबुखैरेनीका किसानले ११ लाख कमाए, झरीले २५ प्रतिशत फूलमा क्षति

४५ महिलाको सामूहिक उद्यम ४५ रोपनीमा विस्तार, तिहारमा फूल र माला बेचेर मनग्य आम्दानी

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको आँबुखैरेनी गाउँपालिकाका महिलाले फुर्सदको समयलाई आम्दानीको अवसरमा बदल्दै सयपत्री फूलखेतीबाट उदाहरणीय सफलता हासिल गरेका छन् । घरायसी कामबाट बचेको समय सामाजिक सञ्जालमा बिताउने प्रवृत्तिलाई उद्यमसँग जोड्ने प्रयासस्वरूप सुरू गरिएको सामूहिक फूलखेतीले अहिले महिलालाई आर्थिक रूपमा सबल बनाउनुका साथै गाउँमै रोजगारीको अवसर सिर्जना गरेको छ ।

आँबुखैरेनी गाउँपालिका-१ आँधीमूल यान्चोकटारका ४५ जना महिला तीन वर्षदेखि सामूहिक रूपमा फूलखेतीमा सक्रिय छन् । सामान्य प्रयासबाट सुरू भएको उनीहरूको उद्यम अहिले ४५ रोपनी क्षेत्रफलमा फैलिएको छ । यस वर्ष तिहारलाई लक्षित गरी उत्पादन गरिएको सयपत्री फूल र मालाको बिक्रीबाट यान्चोकटार महिला समूहले मात्रै १० लाख रूपैयाँ आम्दानी गरेको छ । गाउँपालिकाको वडा नं. २ र ३ का किसानले समेत फूल बिक्रीबाट एक लाख रूपैयाँ बराबरको कारोबार गरेका छन् ।

यसरी गाउँपालिकाभित्रका महिला समूह र किसानले यस वर्ष फूल तथा माला बिक्रीबाट कुल ११ लाख रूपैयाँ बराबरको कारोबार गरेको गाउँपालिकाको कृषि शाखाले जनाएको छ । थोरै समय र सामूहिक श्रमबाट सुरू भएको प्रयासले व्यावसायिक रूप लिन थालेपछि महिलामा खेती विस्तार गर्ने उत्साह पनि बढेको छ ।

महिला समूहकी अध्यक्ष सुन्तली गुरूङले स्थानीय महिलालाई सामूहिक उद्यममा जोड्दै आयआर्जनको अवसर सिर्जना गर्ने उद्देश्यले फूलखेती सुरू गरिएको बताइन् । समूहमा आबद्ध महिलाले खेतमा फूल लगाउनेदेखि गोडमेल, फूल टिप्ने, माला उन्ने र बजारमा बिक्री गर्नेसम्मका काम आफैं गर्दै आएका छन् ।

उनका अनुसार यस वर्ष फूलको माग राम्रो भएकाले उत्पादनले बजार पाएको छ । स्थानीयस्तरमै फूल उत्पादन हुन थालेपछि तिहारका लागि बाहिरबाट फूल ल्याउनुपर्ने अवस्था पनि कम हुँदै गएको छ । बजारको माग र बिक्रीबाट प्राप्त आम्दानीले महिलालाई थप उत्साहित बनाएको छ । भन्दै उनले आगामी दिनमा खेती विस्तार गर्ने योजना रहेको सुनाइन्।

आँबुखैरेनी गाउँपालिकाकी उपाध्यक्ष दुर्गा अर्यालले महिलाको फुर्सदको समयलाई उत्पादन र उद्यमसँग जोड्न सके आर्थिक आत्मनिर्भरता बढाउन सकिने बताइन । सामाजिक सञ्जालमा समय बिताउनुको सट्टा सामूहिक उद्यममा आबद्ध हुँदा महिलाले आफ्नै श्रम र सीपबाट आम्दानी गर्न सक्ने उनको भनाइ छ ।

उपाध्यक्ष अर्यालले भनिन्, "महिलाले घरायसी कामबाट बचेको समयलाई सदुपयोग गरेर फूलखेतीमार्फत आम्दानी गर्न थाल्नुभएको छ । यसले महिलाको आर्थिक अवस्थामा सुधार ल्याउनुका साथै उद्यमशीलता विकास गर्न पनि सहयोग पुऱ्याएको छ ।"

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले स्थानीय महिलाले उत्पादन गरेको फूलले बजार पाउन थालेपछि गाउँमै फूलखेतीको सम्भावना बढेको बताए । स्थानीय

बाँकी तेश्रो पेजमा



ध्वनि प्रदूषण र जुवातास नियन्त्रण गर्न प्रहरी सक्रिय

५ बुलेटसहित सामग्री बरामद

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँ प्रहरीले तिहारका बेला शान्ति सुरक्षा कायम गर्ने, ध्वनि प्रदूषण रोक्ने तथा जुवातास नियन्त्रण गर्ने अभियानलाई तीव्र बनाएको छ । अभियानअन्तर्गत जिल्ला प्रहरी कार्यालय तनहुँ र मातहतका प्रहरी टोलीले मोडिफाइ गरिएका पाँचवटा बुलेट मोटरसाइकलसहित जुवातास खेलमा प्रयोग हुने विभिन्न सामग्री नियन्त्रणमा लिएको छ ।



प्रहरीले अत्यधिक ध्वनि प्रदूषण गर्ने गरी स्वरूप परिवर्तन गरिएका पाँचवटा बुलेट मोटरसाइकल नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

त्यसैगरी, जुवाजन्य गतिविधि नियन्त्रण गर्ने क्रममा प्रहरीले लङ्गुरबुर्जा खेलमा प्रयोग हुने साना तथा ठूला गरी २३८ वटा गोटी, ३३ वटा त्रिपाल तथा चार्ट, ३८ वटा बाल्टिन, तीनवटा पासा गोटी र तीनवटा तिनगोटी डायस नियन्त्रणमा लिएको छ ।

तिहारका बेला जुवातास खेल्ने, अनावश्यक होहल्ला गर्ने तथा ध्वनि प्रदूषण बढाउने गतिविधि हुन सक्ने भएकाले प्रहरीले निगरानी र नियन्त्रण अभियान सञ्चालन गरेको जनाएको छ । चाडपर्वलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन यस्ता गतिविधिविरूद्ध निगरानी बढाइएको प्रहरीको भनाइ छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८५६०६०३७६
मा सम्पर्क गर्नुहोला ।
Email- bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

बढ्दो दुर्घटनाले ईभीमाथि प्रश्न : प्रविधिको दोष कि सञ्चालनको कमजोरी ?

शंकर अर्याल/काठमाडौं


बिहीबार मकवानपुरको भीमफेदीमा काठमाडौंबाट सर्लाहीतर्फ जाँदै गरेको विद्युतीय सवारी साधन (ईभी) अनियन्त्रित भई भीरबाट खस्दा १४ जनाको ज्यान गयो। यसअघि चितवनमा गुडिरहेको जीएसी आयोन ब्रान्डको ईभी कारमा अचानक आगलागी हुँदा गाडीभित्रै जलेर ५६ वर्षीय चालक अमर पराजुलीको मृत्यु भएको थियो ।

यी दुई प्रतिनिधिमूलक घटनाले पछिल्लो समय विद्युतीय सवारी साधनको सुरक्षामाथि गम्भीर प्रश्न खडा गरिदिएका छन्। सडकमा विद्युतीय सवारी अनियन्त्रित हुने र आगलागी हुने घटना बढ्दै जाँदा आम जनमानसमा ईभी परम्परागत सवारीभन्दा बढी जोखिमपूर्ण हुन्छ कि भन्ने संशय उत्पन्न भएको छ ।

नेपालमा पछिल्लो समय विद्युतीय सवारीको प्रयोग तीव्र रूपमा बढेको छ। सरकारी तथ्यांकअनुसार नयाँ दर्ता हुने निजी सवारी साधनमा ईभीको हिस्सा ८० प्रतिशतभन्दा माथि पुगिसकेको छ। सञ्चालन खर्च निकै कम हुने र भाडादर समेत तुलनात्मक रूपमा सस्तो पर्ने भएकाले निजी मात्र नभई सार्वजनिक यातायात र दुईपाङ्ग्रेमा समेत ईभीप्रति आकर्षण बढेको छ । तर, लगातारका दुर्घटनाले के ईभी साँच्चिकै बढी जोखिमयुक्त हो ? नेपालजस्तो पहाडी भूगोल, उकालो-ओरालो र कच्ची सडकमा यो कत्तिको सुरक्षित छ? भन्ने प्रश्न सतहमा ल्याएको छ ।







ईभी किन अचानक हुत्तिन्छ ?

ईभी दुर्घटनामा चालकले एक्सिलेटर अनुसार विद्युतीय सवारी साधन परम्परागत इन्धन (आईसीई) गाडीको तुलनामा हुत्तिने बुझाइ प्राविधिक रूपमा सत्य हो। यसको मुख्य कारण ईभीमा प्रयोग हुने मोटरले एक्सिलेटर दबाउनासाथ मोटरले तत्कालै सिधै पाङ्ग्रामा पूर्ण शक्ति (टर्क) दिन्छ। यद्यपि उत्पादकहरूले कन्ट्रोलरमार्फत सुरक्षा प्रणाली राखेका हुन्छन् । तर पावर थिच्दा गाडी अचानक हवात्तै अगाडि हुत्तिने र अनियन्त्रित भई ठोकिने समस्या प्रमुख कारणका रूपमा देखिएको छ। अभियान्त्रिकी कर्मशालाका संस्थापक एवं मेकानिकल इन्जिनियर अभिषेक कार्कीका तुरून्तै पैदा गर्ने 'इन्स्ट्यान्ट टर्क' हो।

इन्धन गाडीमा एक्सिलेटर थिचेपछि इन्जिनको गति क्रमशः बढ्दै गियरबक्समार्फत पाङ्ग्रासम्म पुग्न केही समय लाग्छ। तर, ईभीमा चालकले क्यालिब्रेसन, एक्सिलेटरको रेस्पोन्स र चालकको बानीमा गाडी हुत्तिने विषय निर्भर हुने इन्जिनियर कार्की बताउँछन्। परम्परागत गाडी चलाइरहेका चालकले ईभी चलाउँदा एकैपटक धेरै एक्सिलेटर थिच्ने बानीले गाडी अनियन्त्रित हुने गर्छ।

यसका साथै, ब्याट्रीका कारण ईभीको तौल सामान्य गाडीभन्दा बढी हुन्छ। अतिरिक्त तौललाई धान्न ब्रेक, टायर र सस्पेन्सनजस्ता पार्टपुर्जा पनि त्यहीअनुसार भार थेग्न सक्ने हुनुपर्छ । तर गाडीको अवस्थाबारे जानकारी नहुनु, अत्यधिक भार बोक्नु र अनियन्त्रित ढंगले चलाउनाले दुर्घटना बढाएको कार्कीको भनाइ छ। यद्यपि, यही आधारमा ईभी असुरक्षित भन्नु वैज्ञानिक नहुने तर्क गर्दै कार्की भन्छन्, 'सडकमा कति गाडी चलिरहेका छन् र तिनले कति किलोमिटर दूरी तय गरेका छन् भन्ने आधारमा दुर्घटना दर हेर्नुपर्छ। समस्या ईभी प्रविधिमा छ कि गाडीको डिजाइन, सञ्चालन र नियमनमा कमजोरी छ भन्ने कुरा प्रमाणबाट छुट्याउनुपर्छ ।'

ईभीमा आगो लाग्ने कारण र जटिलता ईभीमा आगलागी हुनु अर्को मुख्य चिन्ताको विषय हो। इन्जिनियर कार्कीका अनुसार

बाँकी तेश्रो पेजमा

औचित्यहीन आइतबारे बिदा : बच्चा मोबाइलमा, अभिभावक तनावमा

संघीय सरकारको गृहमन्त्रायले शुक्रबार सूचनामार्फत यसपटक छठको भोलिपल्ट पनि सार्वजनिक बिदा दिइएको जानका री गरायो । आइतबार उसै पनि सार्वजनिक बिदा भएकाले सूर्यलाई अर्घ्य दिई ब्रत समापन गर्ने दिन भने र छठको भोलिपल्ट बिदा दिइएको छ ।

अघिल्लो शुक्रबार कार्यालय लागेपछि तिहार बिदा शुरु भएको थियो। यो शुक्रबार एक दिन यसबीचमा सरारी कार्यालय खुले । अब फेरि लगातार ३ दिन बिदा हुँदैछ । दशैँदेखि छठसम्मको हिसाब गर्ने हो भने कार्यालय खुलेको भन्दा बन्दा भएको दिनहरु धेरै छन् । विद्यालयको त कुरै नगरौं ।

सार्वजनिक बिदा नेपालीका लागि नयाँ कुरा होइन । पर्व, जात्रा, दिवस, उत्सव र विभिन्न अवस रमा नेपालमा वर्षभरि बिदाको सूची लामै हुन्छ । सरकारी कार्यालयमा काम लिए र जाने सर्वसाधा रणले कर्मचारी भेट्ने दिनभन्दा कार्यालय बन्द हुने दिनको हिसाब बढी राख्नुपर्ने अवस्था पनि नयाँ होइन ।

तर, अब नेपालमा बिदाको बहसमा अर्को एउटा प्रश्न थपिएको छ, लगातार दुई दिन सरकारी कार्यालय बन्द हुँदा राज्यको कामकाजमा मात्रै असर परेको हो कि आम नागरिकको पारिवारिक जीवन र बालबालिकाको भविष्यमा पनि यसको मूल्य चुकाउनुप रेको छ ?

सरकारले इरान युद्धका कारण उत्पन्न इन्धन संकट र खपत घटाउने उद्देश्य देखाउँदै शनिबारसँगै आइतबार पनि सार्वजनिक बिदा दिने व्यवस्था सुरु गरेको हो । संकटको समयमा इन्धन बचत गर्ने सरकारी उद्देश्यलाई अस्वीकार गर्न मिल्दैन । तर, कुनै विशेष परिस्थितिमा लिइएको निर्णय परिस्थितिमा परिवर्तन आएपछि पनि निरन्तरता दिनु कति उचित हो भन्ने प्रश्न अहिले उठ्न थालेको छ ।

इरान युद्धको कारण देखाएर सुरु गरिएको आइतबारे बिदा हटाउने वा निरन्तरता दिने भन्नेबारे सरकारले स्पष्ट निर्णय गरेको देखिँदैन । बरू यो बिदा अब नियमित सरकारी बिदाजस्तै अभ्यासमा परिणत हुँदै गएको छ । यसको औचित्य, उपलब्धि र असरबारे सरकारले सार्वजनिक बहससमेत गराएको छैन ।

बिदासँगै थपियो अभिभावकको सास्ती

आइतबार बिदा हुनु भनेको सरकारी कर्मचारीका लागि दुई दिन लगातार फुर्सद दिनुसम्म त होला त्यो भन्दा जनताको समस्या ठूलो हो। लगातार बिदाले सरकारी कार्यालयसँगै सार्वजनिक सेवा प्रभावित हुन्छन् । सर्वसाधारणका अत्यावश्यक काम रोकिन्छन् । एउटा सामान्य सिफारिस, कागजात प्रमाणीक रण, प्रशासनिक प्रक्रिया वा सरकारी निर्णयका लागि सेवाग्राहीले थप समय कुर्नुपर्ने हुन्छ। उसैपनि शुक्रवा र हाजिर गरेर टाप कस्ने अनि सोमवारमात्र फर्किने कर्मचारीको मनोवृत्ति कायमै छ ।

तर, यसको अर्को पाटो अझै कम चर्चामा छ, कामकाजी अभिभावकको घरभित्रको समस्या। शनिबार र आइतबार लगातार विद्यालय बन्द हुन्छन् । त्यसमा पर्व र अन्य सार्वजनिक बिदा थपिन्छन् । दशैं र तिहारजस्ता चाडपर्वमा लगातार लामो बिदा हुनु स्वाभाविक हो । तर, सामान्य अवस्थामा समेत दुई दिन लगातार



विद्यालय बन्द हुने अभ्यासले बालबालिकाको नियमित दिनचर्यामा असर पार्न थालेको अभिभावकहरूको गुनासो छ ।

निजी क्षेत्र, बैंक, सञ्चारमाध्यम, उद्योग, व्यापार तथा अन्य क्षेत्रमा काम गर्ने सबै अभिभावकलाई आइतबार बिदा हुँदैन । सरकारी कार्यालय बन्द हुँदा उनीहरूका कार्यालय खुला हुन सक्छन् । उनीहरूका लागि आइतवार पनि कामकै दिन हुन सक्छ ।

त्यस्तो अवस्थामा विद्यालय जाने उमेरका बालबालिकालाई घरमा कसको जिम्मा लगाउने ? उनीहरूलाई हेरचाह गर्ने व्यक्ति कहाँबाट ल्याउने ? अभिभावक कार्यालय जाने कि बच्चाको हेरचाहका लागि घरमै बस्ने ? धेरै कामकाजी अभिभावकको पीडा यही हो ।

अभिभावकहरु भन्न थालेका छन्, सरकारले आइतबारको बिदा हटाओस्, होइन भने विद्यालय नजाने दिन घरमा बस्ने बालबालिकाको हेरचाहको जिम्मा पनि लेओस् ।

विद्यालय बन्द, बालबालिका ग्याजेटको जिम्मा

बालबालिकाको जीवनमा विद्यालयको अर्थ किताब पढ्नु र परीक्षा दिनु मात्रै होइन । विद्यालयले उनीहरूलाई निश्चित समयमा उठ्ने, तयार हुने, पढ्ने, खेल्ने, साथीहरूसँग घुलमिल हुने र अनुशासित दिनचर्यामा बस्ने बानी सिकाउँछ ।

नियमित विद्यालय जाँदा बालबालिकाको समयतालिका व्यवस्थित हुन्छ । लामो समय विद्यालय बन्द हुँदा त्यो लय भत्किन्छ। विशेषगरी साना बालबालिकाको हकमा यसको असर झन् देखिन सक्छ । बिहान उठ्ने समय अनियमित हुन्छ । पढ्ने र गृहकार्य गर्ने बानी कमजोर हुन सक्छ। घरमा अभिभावक नहुँदा मोबाइल, ट्याबलेट र अन्य डिजिटल उपकरण उनीहरूको सहज साथी बन्न पुग्छन् ।

सुरुमा कार्टुन हेर्ने, गेम खेल्ने र भिडिओ हेर्ने बानी बिस्तारै घण्टौं स्क्रिनमा बिताउने अवस्थासम्म पुग्न सक्छ । पढ्ने समय घट्छ । शारीरिक गतिविधि कम हुन्छ । सानातिना कुरामा झर्किने, जिद्दी गर्ने, घरमा अभिभावकको कुरा नमान्ने र दिनभरि आफूखुसी गर्न खोज्ने व्यवहार बढ्ने विज्ञहरूले बताइरहेका छन् ।

अभिभावकले कामबाट फर्किएपछि अर्को चुनौती सुरु हुन्छ- बच्चालाई मोबाइलबाट छुटाउने, पढ्न बसाल्ने र नियमित दिनचर्यामा फर्काउने ।

बालबालिका स्वभावैले खेल्न, रमाउन र नयाँ कुरा गर्न चाहन्छन् । उनीहरूलाई दोष दिन मिल्दैन । तर उनीहरूको समय व्यवस्थापन गर्ने जिम्मेवारी परिवार र राज्य दुवैको हो । विद्यालयको नियमितता कमजोर पार्ने र घरमा हेरचाहको विकल्प नदिने नीतिले अभिभावकलाई थप अप्ठ्यारोमा पार्छ ।

बिदाको हिसाब सरकारले पनि देखाओस्

नेपालमा सार्वजनिक बिदा धेरै भयो भन्ने बहस पुरानै हो । एकातिर सरकारी कार्यालयको कार्यसम्पादन कमजोर भएको गुनासो छ, अर्कोति र सेवाग्राहीले सामान्य कामका लागि पनि दिनहुँ धाउनुपर्ने अवस्था छ । यस्तो अवस्थामा थपिएको आइतबारे बिदाको औचित्य झन् गम्भी रतापूर्वक परीक्षण गर्नुपर्ने हुन्छ ।

स रका रले आइतबार बिदा दिँदा कति इन्धन बचत भयो? सरकारी खर्चमा कति कमी आयो? कर्मचा रीको उत्पादकत्व बढ्यो कि घट्यो? सेवाग्राहीले कति दिन थप कुर्नुपऱ्यो ? निजी क्षेत्रमा काम गर्ने अभिभावकको जीवनमा कस्तो असर पऱ्यो? विद्यालयको शैक्षिक क्यालेन्डर । बालबालिकाको सिकाइमा यसको प्रभाव कस्तो रहयो? यी प्रश्नको जवाफ सरकारले दिनुपर्छ ।

इन्धन बचत गर्ने उद्देश्यले ल्याइएको नीति हो भने त्यसको उपलब्धि पनि तथ्यांकमा देखिनुपर्छ। इन्धन खपत घटाउने अरु उपाय प्रभावका री छन् भने तिनको प्रयोग गर्न सकिन्छ । तर, एउटा अस्थायी संकटको व्यवस्थापनका लागि गरिएको निर्णयलाई त्यसको प्रभावकारिता नजाँची अनिश्चितकालसम्म निरन्त रता दिनु उचित होइन ।

सरकारी कार्यालयको कार्यसम्पादन, निजी क्षेत्रको कामको प्रकृति र विद्यालयको शैक्षिक क्यालेन्डर एउटै हुँदैनन् । सबैलाई एउटै ढाँचामा राखेर बिदाको निर्णय गर्नु पनि व्यावहारिक हुँदैन ।

बाल मनोविज्ञहरूका अनुसार बालबालिकाका लागि बिदा आवश्यक छ। उनीहरूलाई खेल्न, परिवारसँग समय बिताउन, घुम्न र आफ्नो रूचिका गतिविधिमा सहभागी हुन पर्याप्त समय दिनुपर्छ । तर बिदा र नियमितताको सन्तुलन पनि उत्तिकै आवश्यक छ ।

लगातार बिदा हुँदा बालबालिकाले पढाइबाट विश्राम त पाउँछन्, तर त्यसको विकल्पमा सिर्जनात्मक गतिविधि, खेलकुद, पारिवारिक समय र सिकाइको वातावरण छैन भने उनीहरूको समय मोबाइल र टेलिभिजनमै बित्न सक्छ ।

अभिभावकले चाहेको पनि बालबालिकालाई दिनभरि विद्यालयमै राख्नुपर्छ भन्ने होइन। उनीहरूलाई व्यवस्थित शैक्षिक क्यालेन्डर, नियमित पढाइ र सुरक्षित हेरचाहको वातावरण चाहिएको हो ।

सरकारले आइतबारको बिदा कायम राख्ने हो भने कामकाजी अभिभावकका लागि बालबालिका हेरचाह र सिर्जनात्मक गतिविधिका वैकल्पिक व्यवस्था कसरी गर्न सकिन्छ भन्नेबारे पनि सोच्नुपर्छ । त र त्यसो गर्न नसक्ने अवस्थामा बिदाको औचित्य पुनरवलोकन गर्नुपर्छ ।

सरकारले इन्धन बचतको हिसाब राख्छ भने नागरिकले गुमाएको समयको हिसाब पनि राख्नुपर्छ । सरकारी कर्मचा रीको आरामको हिसाब राख्छ भने कामकाजी अभिभावकको सास्ती पनि बुझ्नुपर्छ । सार्वजनिक बिदाको सूची बनाउँदा बालबालिकाको पढ्ने बानी र भविष्यलाई पनि ध्यान दिनुपर्छ । सरकारले अब आइतवारे बिदाको औचित्यमाथि तथ्य र नागरिकको अनुभवका आधारमा गम्भीर समीक्षा गर्ने बेला आएको छ । बिदा नागरिकका लागि हो, नागरिकलाई थप सास्ती दिनका लागि होइन । नेपालप्रेसबाट

शुक्लागण्डकीका किसानले फूल बिक्रीबाट झण्डै १० लाख कमाए

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

तनहुँको शुक्लागण्डकी नगरपालिकामा यस वर्षको तिहारमा सयपत्री फूल बिक्रीबाट किसानले झण्डै १० लाख रूपैयाँ आम्दानी गरेका छन् । व्यावसायिक स्यमा फूलखेती गरेका किसान र फुटकर उत्पादकले उत्पादन गरेको २ हजार ७६० किलो फूल बिक्रीबाट ९ लाख ६६ हजार रूपैयाँ आम्दानी गरेका हुन्। नगरपालिकाका विभिन्न क्षेत्रमा व्यावसायिक स्यमा फूलखेती गरेका १५ किसान तथा फुटकर उत्पादकले उत्पादन गरेको सबै फूल बिक्री भएको छ। तिहारमा स्थानीय फूलको माग बढेपछि किसानले उत्पादन गरेको फूल सहजै बजारमा बिक्री गर्न पाएका हुन् ।

सबैभन्दा बढी शुक्लागण्डकी नगरपालिका-१० का मुक्ति सिग्देलले करिब ६८५ किलो सयपत्री फूल बिक्री गरेका छन् । त्यसैगरी, खैरेनीटार महिला विकास बहुउद्देश्यीय सहकारीले २२० किलो र कृषक शान्ति भण्डारीले २०० किलो फूल बिक्री गरेको नगरपालिकाले जनाएको छ।

शुक्लागण्डकी नगरपालिकाले तिहारलाई लक्षित गरी कृषि उपज संकलन केन्द्रमा तीनदिने विशेष हाटबजार सञ्चालन गरेको थियो । हाटबजारमा सयपत्री फूलको मूल्य प्रतिकिलो ३५० रूपैयाँ निर्धारण गरिएको थियो । यसले किसानलाई आफ्नो उत्पादन बिक्री गर्न सहज भएको थियो।

नगरपालिकाका कृषि शाखा प्रमुख दीपकुमार उपाध्यायका अनुसार यस वर्ष किसानले उत्पादन गरेको सबै फूल बिक्री भएको छ। 'फूल बिक्री भएन भन्ने गुनासो कतै सुनिएन', उनले भने, 'कतिपय किसानले बेलचौतारास्थित कृषि उपज संकलन केन्द्रमा ल्याएर बिक्री गरे भने कतिपयले आफैं बजारमा लगेर बिक्री गरे ।' स्थानीय किसानलाई फूलखेतीतर्फ थप आकर्षित गर्ने उद्देश्यले नगरपालिकाले यस वर्ष सयपत्री माला उन्ने प्रतियोगितासमेत आयोजना गरेको थियो। स्थानीय उत्पादनको बजारीकरण र किसानको प्रोत्साहनका लागि सञ्चालन गरिएका यस्ता कार्यक्रमले फूलखेतीलाई व्यावसायिक बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस वर्ष उत्पादित सबै फूल बिक्री हुनु शुक्लागण्डकीमा पुष्पखेतीको बजार सम्भावना बढ्दै गएको संकेत हो । स्थानीय उत्पादनले बजार पाउन थालेपछि किसानलाई व्यावसायिक फूलखेती विस्तार गर्न थप हौसला मिलेको छ ।

फूलखेतीबाट आँवुखैरेनीका .....

उत्पादनलाई प्रोत्साहन गर्दा किसानको आम्दानी बढ्नुका साथै तिहारमा बाहिरबाट फूल आयात गर्नुपर्ने निर्भरता घट्ने उनको भनाइ छ ।

यस वर्ष मौसमको प्रतिकूलताले भने फूलखेतीमा केही असर गरेको छ। गाउँपालिकाका कृषि तथा पशु शाखा प्रमुख सन्तोष केसीका अनुसार गत कात्तिक १३ र १४ गते परेको वर्षाले सयपत्री फूलखेतीमा करिब २५ प्रतिशत क्षति पुऱ्याएको थियो । प्रतिकूल मौसमका बाबजुद पनि स्थानीय महिला समूह र किसानको सक्रियताले उत्पादन तथा बिक्री सन्तोषजनक रहेको उनले बताए।

गाउँमै उत्पादन, गाउँकै श्रम र स्थानीय बजारको मागलाई जोडेर अघि बढेको आँबुखैरेनीको फूलखेतीले सामूहिक उद्यममार्फत ग्रामीण महिलाको आर्थिक सशक्तीकरण सम्भव छ भन्ने देखाएको छ । तिहारमा घर सजाउने र भाइटीकामा प्रयोग हुने फूल उत्पादनबाट सुरू भएको यो अभियान अब महिलाको आयआर्जन र व्यावसायिक पहिचान निर्माण गर्ने माध्यमसमेत बन्दै गएको छ ।

तपाईको आज

मेष
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

वृष
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

मिथुन
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरूसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

कर्कट
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

सिंह
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

कन्या
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

तुला
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

वृश्चिक
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

धनु
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

मकर
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरूको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

कुम्भ
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

मीन
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।

बढ्दो दुर्घटनाले ईभीमाथि प्रश्न : प्रविधिको .....

ईभीमा आगो लाग्नुका मुख्य दुई कारण हुन्छन्: ब्याट्रीको सेलभित्रको आन्तरिक खराबी र विद्युतीय तार, चार्जिङ सकेट वा कम्पोनेन्टहरूमा हुने सर्ट सर्किट ।

चारपाङ्ग्रे ईभीमा ३०० देखि ८०० भोल्टसम्मको प्रणाली हुन्छ र ब्याट्री प्याकभित्र हजारौँ सेलहरु जोडिएका हुन्छन्। ब्याट्रीमा आन्तरिक वा बाह्य क्षति हुँदा वा उत्पादनकै त्रुटिले एउटा सेलमा सर्ट सर्किट भएमा त्यसले अन्य सेलहरूलाई पनि प्रभावित पार्छ। तापक्रम अनियन्त्रित भई इलेक्ट्रोलाइट र अन्य रसायनबीच तीव्र प्रतिक्रिया सुरू हुन्छ, जसलाई प्राविधिक भाषामा 'थर्मल रनअवे' भनिन्छ ।

ईभीको ब्याट्रीमा लागेको आगो निभाउन कठिन हुनुको कारण यसभित्रै उत्पन्न हुने अक्सिजन हो । पेट्रोल वा डिजेल गाडीमा इन्धन चुहिएर आगो लागे पनि त्यसलाई बाह्य अक्सिजनको प्रवाह रोकेर निभाउन सकिन्छ । तर, ईभीको ब्याट्रीभित्र हुने रासायनिक प्रतिक्रियाबाट आफैँ अक्सिजन ग्यास उत्पन्न हुने भएकाले बाहिरबाट अक्सिजन रोके पनि आगो तत्काल निभ्दैन।

यो जोखिम न्यूनीकरण गर्न हाल ईभीहरूमा परम्परागत लिथियम आयन (एनएमसी वा एनसीए) को साटो 'एलएफपी' (LFP) ब्याट्री प्रयोग बढ्दो छ।



एलएफपी ब्याट्रीमा लिथियम आयनको तुलनामा १०० डिग्री सेल्सियस बढी तापक्रमसम्म 'थर्मल रनअवे' हुँदैन र अक्सिजन पनि कम उत्सर्जन हुन्छ। यद्यपि यसले जोखिम पूरै शून्य भने बनाउँदैन। अर्कोतर्फ, केवल ब्याट्रीका कारण मात्र आगो लाग्छ भन्ने बुझाइ पनि गलत छ । सन् २०२४ मा काठमाडौँमा भएको एक ईभी आगलागीको प्राविधिक जाँच गर्दा ब्याट्री सुरक्षित रहेको र बाह्य सर्ट सर्किटले आगलागी भएको पुष्टि भएको थियो ।

उकालो र कच्ची बाटोमा कति उपयुक्त?

ईभी केवल समथर र सहरी सडकका लागि मात्र उपयुक्त हुन्छ भन्ने धारणासँग इन्जिनियर कार्की सहमत छैनन्। उनका अनुसार थोरै गतिमै उच्च टर्क दिने भएकाले नेपालको उकालो सडकमा ईभी निकै सहज र शक्तिशाली साबित हुन्छ। त्यस्तै ओरालो झर्दा 'रिजेनेरेटिभ ब्रेकिङ' प्रणालीले आफैँ ब्याट्री चार्ज समेत गर्छ। तर, कच्ची र खाल्डाखुल्डी सडकमा भने ईभीलाई संवेदनशील मानिन्छ। गाडीको तल्लो भाग (अन्डरबडी) मा ब्याट्री राखिएको हुनाले ढुङ्गा वा जमिनमा ठोक्किँदा ब्याट्रीमा गम्भीर क्षति पुग्न सक्छ। त्यसैले कच्ची सडकमा गुड्ने ईभीमा पर्याप्त 'ग्राउन्ड क्लियरेन्स' र बलियो 'अन्डरबडी प्रोटेक्सन' अनिवार्य हुन्छ।

जोखिम घटाउन के गर्ने?

अन्तर्राष्ट्रिय बीमा तथा जोखिम विश्लेषक संस्था 'गाय कार्पेन्टर' को अध्ययनअनुसार परम्परागत (आईसीई) गाडीको तुलनामा ईभीको दुर्घटना दर १७ प्रतिशत कम पाइएको छ । दुर्घटना भइहाले पनि यात्रुलाई हुने क्षति ४० प्रतिशत कम देखिएको छ । गाडीको तल्लो भागमा गह्रौं ब्याट्री रहने भएकाले यसको 'सेन्टर अफ ग्र्याभिटी' सन्तुलित भई गाडी पल्टिने जोखिम कम हुन्छ। नेपालमा भने यसबारे छुट्टै अध्ययन भएको छैन ।

विज्ञहरूका अनुसार ईभी सुरक्षित बनाउन प्रविधि, पूर्वाधार र मानवीय व्यवहार तीनवटै पक्षमा सुधार आवश्यक छ । ईभी खरिद गर्दा ब्याट्री क्षमता र रेन्ज मात्र नहेरी ग्राउन्ड क्लियरेन्स, ब्याट्री सुरक्षा प्रणाली, थर्मल म्यानेजमेन्ट र मेकानिकल ब्रेकको क्षमता जाँच गर्नुपर्छ। प्रयोगका क्रममा गुणस्तरीय चार्जर, सुरक्षित वायरिङ र उचित अर्थिङ भएको चार्जिङ स्टेसन मात्र प्रयोग गर्नुपर्छ । यदि कच्ची सडक वा दुर्घटनामा गाडीको तल्लो भाग ठोक्किएको छ भने बाहिरबाट सामान्य देखिए पनि प्राविधिक जाँच नगरी तुरुन्तै चार्जमा राख्नु खतरनाक हुन्छ।

सार्वजनिक यातायातमा प्रयोग हुने ईभी माइक्रोबसलाई नेपालको उकालो, ओरालो, यात्रु भार र मौसममा प्राविधिक परीक्षण गरेर मात्र सञ्चालन अनुमति दिनुपर्छ। ईभीमा आगो लागेमा सामान्य दमकलले नपुग्ने हुँदा तालिमप्राप्त जनशक्ति, अत्यधिक पानी, थर्मल इमेजिङ क्यामेरा र 'ईभी फायर ब्ल्याङ्केट' आवश्यक पर्छ। आगो निभेको केही घण्टा वा दिनपछि पनि ब्याट्री पुनः बल्न सक्ने जोखिम रहन्छ।

चालकहरु पनि ईभी सञ्चालन प्रणालीबारे पूर्ण जानकार हुनुपर्छ। उदाहरणका लागि, ब्याट्री शतप्रतिशत चार्ज भएको बेला ओरालोमा रिजेनेरेटिभ ब्रेकिङले काम गर्दैन । यस्तो बेला मेकानिकल ब्रेकमा मात्र अत्यधिक भार परेर ब्रेक तातिने हुँदा बीच-बीचमा रोकेर चिस्याउनुपर्छ। लामो उकालोमा मोटर र ब्याट्री तातिने तथा उच्च हिमाली चिसोमा ब्याट्रीको रेन्ज घट्ने यथार्थबारे चालक सचेत हुनुपर्छ । इन्जिनियर अभिषेक कार्की निष्कर्षमा भन्छन्, 'ईभीलाई नेपालको भूगोलले रोक्दैन, तर भूगोल नबुझी डिजाइन वा छनोट गरिएको ईभीले समस्या निम्त्याउँछ। प्रविधिलाई मात्र दोष दिएर समाधान आउँदैन। सुरक्षा मापदण्ड, नियमित मर्मत र चालकको दक्षता सँगसँगै सुधार्नुपर्छ ।' रातोपाटीबाट

आइरन तथा फोलिक एसिड नियमित सेवन गरौं, स्वस्थ आमा र शिशुको सुनिश्चितता गरौं

गर्भावस्थामा आमा र शिशुको स्वास्थ्य तथा उचित विकासका लागि आइरन तथा फोलिक एसिडको नियमित सेवन आवश्यक हुन्छ ।

आइरन तथा फोलिक एसिड सेवनका फाइदाहरू :

- गर्भावस्थामा हुने रक्तअल्पता रोकथाम गर्न ।
- आमा र शिशुको स्वास्थ्य तथा पोषण सुधार गर्न ।
- शिशुको मस्तिष्क तथा मेरूदण्डको उचित विकासमा सहयोग गर्न
- शिशुमा हुने जन्मजात न्युरल ट्युबसम्बन्धी समस्याको जोखिम कम गर्न ।

गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू:

- स्वास्थ्यकर्मीको सल्लाहअनुसार दैनिक आइरन तथा फोलिक एसिड सेवन गर्ने ।
- तोकिएको मात्रा र अवधिसम्म नियमित सेवन गर्ने ।
- नियमित गर्भजाँच गराउने ।
- हरियो सागपात, गेडागुडी, फलफूल तथा अन्य पोषणयुक्त खानेकुरा खाने ।
- कुनै समस्या देखिएमा स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

नियमित सेवन गरौं, रक्तअल्पताबाट बचौं, स्वस्थ आमा र स्वस्थ शिशुको भविष्य सुनिश्चित गरौं ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

मुस्ताङमा नेवारी शैलीको फल्चा, पर्यटन प्रवर्द्धनमा सांस्कृतिक विविधता

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

मुस्ताङको पर्यटनलाई हिमाली प्राकृतिक सौन्दर्य र धार्मिक सम्पदामा मात्र सीमित नराखी विभिन्न समुदायका कला, संस्कृति र मौलिक पहिचानसँग जोड्ने प्रयास थालिएको छ । यही प्रयासस्वरूप घरपझोङ गाउँपालिका-४ जोमसोममा नेवारी सभ्यता झल्काउने परम्परागत फल्चा निर्माण गरिएको छ ।

पर्यटकलाई आकर्षित गर्दै जोमसोमको बसाइ अवधि लम्ब्याउने उद्देश्यले स्थानीय बगैंचासहित निर्माण गरिएको फल्चामा भक्तपुरका कालीगढको सीप, भक्तपुरे इँटा र स्थानीय काठ प्रयोग गरिएको छ ।



करिब ३५ लाख रूपैयाँको लागतमा तयार भएको उक्त विश्रामस्थलमा एकैपटक ४० जनासम्म बस्न सक्ने व्यवस्था छ ।

मुस्ताङमा विभिन्न जातजाति र समुदायका मौलिक संस्कृति तथा सभ्यताको संरक्षण गर्ने अभियानअन्तर्गत फल्चा निर्माण गरिएको गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताए। यसका लागि ललितपुर महानगरपालिकाले आर्थिक सहयोग गरेको हो ।

घरपझोङ गाउँपालिका र ललितपुर महानगरपालिकाबीच कायम भगिनी सम्बन्धलाई आपसी सहकार्य र सांस्कृतिक आदानप्रदानमा रूपान्तरण गर्दै फल्चा निर्माण गरिएको अध्यक्ष लालचनले बताइ । उनका अनुसार स्थानीय तहबीचको साझेदारीबाट प्राप्त यो संरचना मुस्ताङको पर्यटनमा सांस्कृतिक विविधता थप्ने माध्यम बन्ने अपेक्षा गरिएको छ ।

'फल्चा नेवारी सभ्यताको मौलिक पहिचान हो । मुस्ताङमा पनि विभिन्न जातजातिका संस्कृति र परम्पराको सम्मान तथा संरक्षण गर्ने उद्देश्यले यसको निर्माण गरेका हौं', अध्यक्ष लालचनले भने, 'यस्तो सहकार्यलाई विस्तार गर्दै गाउँपालिकाका अन्य स्थानमा पनि फल्चा निर्माण गर्ने पहल भइरहेको छ ।'

नेवारी संस्कृतिमा फल्चा मानिसहरूलाई केही समय विश्राम गर्न बनाइने परम्परागत सार्वजनिक स्थल हो । पहाडी तथा तराई क्षेत्रमा प्रचलित चौतारी र पौवाको जस्तै सामाजिक तथा सांस्कृतिक महत्त्व बोकेको फल्चाले मुस्ताङ पुग्ने पर्यटकलाई फरक सांस्कृतिक अनुभव दिने गाउँपालिकाको विश्वास छ ।

गाउँपालिकाले जोमसोममा विभिन्न मूर्तिसहितको पार्क निर्माण गर्नुका साथै कालीगण्डकी नदीमा शालिग्राम शिलासहितका संरचना तयार गरेर पर्यटकीय आकर्षण थप्ने काम गरिरहेको छ । प्राकृतिक र धार्मिक सम्पदासँगै फरक समुदायका सांस्कृतिक पहिचानलाई पनि पर्यटनसँग जोडेर पर्यटकको बसाइ लम्ब्याउने रणनीति गाउँपालिकाले अघि सारेको अध्यक्ष लालचनले बताए ।

यसैगरी, अन्तरस्थानीय तह सहकार्यलाई पूर्वाधार विकासमा समेत उपयोग गरिएको छ । गाउँपालिकाको भगिनी सम्बन्ध रहेका पोखरा महानगरपालिका र बुटवल उपमहानगरपालिकासँगको साझेदारीमा डिजिटल बोर्ड स्थापना गरिएको छ ।

देशका महानगरपालिका तथा नमुना काम गरेका स्थानीय तहसँग भगिनी सम्बन्ध विस्तार गरी अनुभव, सीप र स्रोतको आदानप्रदान गर्ने नीति गाउँपालिकाले लिएको छ । यस्ता साझेदारीमार्फत स्थानीय पूर्वाधार निर्माण र पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गाउँ कार्यपालिकाबाट समेत अनुमोदन गरिएको छ । मुस्ताङको मौलिक पहिचान जोगाउँदै बाह्य समुदायका कला र संस्कृतिलाई पनि पर्यटकीय सम्पदाका रूपमा प्रस्तुत गर्ने यो अभ्यासले स्थानीय तहबीचको सहकार्यलाई नयाँ ढङ्गले उपयोग गर्ने सम्भावना देखाएको छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस

कात्तिक २८ गते शनिबार



प्रोफेसर डा. जय बहादुर खत्री
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:

१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

२. स्नायु (Neurology) सम्बन्धी समस्या:
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने - मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुनःस्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

बन्दीपुरमा ६७ फिट अग्लो राष्ट्रिय झण्डासहितको पर्यटकीय पार्क बनाईदै

राजमार्गका यात्रुलाई आकर्षित गर्ने लक्ष्य, श्रमदानबाट १५ लाखको काम सम्पन्न

भञ्ज्याङ समाचारदाता/डुम्रे

तनहुँको बन्दीपुरलाई पृथ्वीराजमार्गसँग जोडेर नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले ६७ फिट अग्लो राष्ट्रिय झण्डासहितको पर्यटकीय पार्क निर्माण थालिएको छ । बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा निर्माण गर्न लागिएको पार्कले राजमार्ग भएर यात्रा गर्ने पर्यटकलाई समेत बन्दीपुरसम्म आकर्षित गर्ने अपेक्षा गरिएको छ।

पृथ्वीराजमार्ग नजिकै निर्माणाधीन पार्कमा राखिने विशाल राष्ट्रिय झण्डा बिहीबार पहिलोपटक बन्दीपुर बजारमा प्रदर्शन गरिएको छ । झण्डा प्रदर्शनमार्फत पार्क निर्माणको योजना सार्वजनिक गर्नुका साथै स्थानीयवासी र पर्यटकलाई यसबारे जानकारी गराउने उद्देश्य राखिएको निर्माण समितिले जनाएको छ ।

यस्तै, बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारमा शुक्रबार नेपालको राष्ट्रिय झण्डासहित देउसीभैलो खेलिएको छ । तल्लोटारमा विशाल राष्ट्रिय झण्डासहितको पार्क निर्माण गर्ने उद्देश्यले रकम संकलन गर्न देउसीभैलो अभियान सुरू गरिएको बताइएकोछ । अभियान अन्तर्गत स्थानीयवासीले नेपाली झण्डा बोकेर बजार क्षेत्रमा देउसीभैलो खेल्दै सहयोग संकलन गरिरहेका छन्।

बिहीबार बन्दीपुर बजारमा देउसीभैलो खेलेर ८९ हजार रूपैयाँ संकलन भएको थियो । पार्क निर्माणका लागि आवश्यक रकम जुटाउने लक्ष्यसहित देउसीभैलो अभियानलाई निरन्तरता दिइएको आयोजकले जनाएको छ ।





पार्कमा राखिने राष्ट्रिय झण्डा ६७ फिट अग्लो हुनेछ । यसको लम्बाइ ४५ फिट र चौडाइ ३० फिट रहनेछ । राष्ट्रिय झण्डालाई मुख्य आकर्षण बनाएर निर्माण गर्न लागिएको पार्कले बन्दीपुरको पर्यटकीय पहिचानलाई नयाँ आयाम दिने निर्माण पक्षको विश्वास छ ।

झण्डा पार्क निर्माण समितिका संयोजक शेरबहादुर रानाका अनुसार स्थानीयवासीको श्रमदानबाट निर्माण कार्य अघि बढाइएको छ । हालसम्म १५ लाख रूपैयाँभन्दा बढी बराबरको निर्माण कार्य सम्पन्न भइसकेको उनले जानकारी दिए । पार्कलाई पूर्णता दिन श्रमदानसँगै आर्थिक सहयोग जुटाउने अभियान पनि सञ्चालन गरिएको छ ।

निर्माणका लागि आवश्यक आर्थिक स्रोत जुटाउन तिहारको अवसर पारेर बन्दीपुर बजारमा देउसीभैलो कार्यक्रमसमेत गरिएको छ । सांस्कृतिक परम्परालाई सामुदायिक विकाससँग जोड्दै देउसीभैलोबाट संकलित रकम पार्क निर्माणमा खर्च गर्ने योजना बनाइएको स्थानीय अगुवा बासु पन्तले बताए ।

उनका अनुसार स्थानीयवासीको सक्रिय सहभागिता र सहयोगबाट निर्माण कार्यलाई निरन्तरता दिइएको छ । सामूहिक प्रयासबाट पार्क निर्माण सम्पन्न गरी बन्दीपुरमा अर्को पर्यटकीय आकर्षण थप्ने लक्ष्य रहेको उनले बताए ।

प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति र परम्परागत नेवारी बस्तीका कारण बन्दीपुर मुलुककै परिचित पर्यटकीय गन्तव्यका रूपमा स्थापित छ। यहाँको पर्यटनलाई बजार क्षेत्र र पुराना बस्तीमा मात्र सीमित नराखी पृथ्वीराजमार्गसँग जोड्ने प्रयासका रूपमा पनि झण्डा पार्क निर्माणलाई हेरिएको छ । पोखरा र काठमाडौँबीच आवतजावत गर्ने यात्रुका लागि राजमार्ग नजिकै आकर्षक पर्यटकीय संरचना थपिँदा केही समय रोकिएर अवलोकन गर्ने, तस्बिर खिच्ने र बन्दीपुर प्रवेश गर्ने वातावरण बन्ने स्थानीयको अपेक्षा छ ।

विशेषगरी राजमार्गको यात्रालाई पर्यटनसँग जोड्न सके बन्दीपुरमा पर्यटकको आगमन र बसाइ दुवै बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ । सामुदायिक सहभागितामा निर्माण भइरहेको झण्डा पार्कले राष्ट्रिय पहिचानको प्रतीकलाई पर्यटन प्रवर्द्धनको माध्यम बनाउने अपेक्षा गरिएको छ ।

facebook twitter



Nilamber Acharya
x.com/nilacharya

देशमा परिवर्तन ल्याउन खोज्नेले
समाजलाई बदल्ने कुरा गर्नेले
सर्वप्रथम आफू परिवर्तित हुन सक्नुपर्छ ।
परिवर्तित नभई परिवर्तन गर्न सकिदैन ।
सम्भवतः कैयौँ परिवर्तनहरूले
तत्पश्चातका अपेक्षा पूरा गर्न नसकेको कारण
यही हो ।
साहस गरौँ, आफूलाई बदलौँ
निरन्तर कोसिस गरौँ, नथाकौँ !
शुभ होस् !



Deepak Raj Joshi
x.com/kapeed

यो अनन्त ब्रह्माण्डमा असंख्य आकाशगङ्गाहरु छन्। तीमध्ये एउटा आकाशगङ्गा हो मिल्की वे (आकाशगङ्गा), जहाँ हाम्रो सौर्यमण्डल अवस्थित छ। यस आकाशगङ्गामा अर्बौं ताराहरु छन्। तीमध्ये एउटा प्रमुख छिमेकी तारा हो सूर्य, जुन हाम्रो पृथ्वीबाट करिब १५ करोड किलोमिटर टाढा छ । त्यही सूर्यको वरिपरि आठवटा ग्रह परिक्रमा गर्छन्। ती आठ ग्रहहरूमध्ये एउटा सानो ग्रह हो पृथ्वी, जहाँ हाम्रो अस्तित्व छ, जहाँ हामी बाँच्छौं, सपना देख्छौं र आफूलाई यो संसारको केन्द्र ठान्छौं ।
यही पृथ्वीमा करोडौँ प्रकारका जीवहरूको अस्तित्व छ। तीमध्ये एउटा प्रजाति हो होमो सेपियन्स (मानव)। पृथ्वीमा करिब २०० देश छन्। ती देशहरूमा झन्डै आठ अर्ब (८३ अर्ब) मानिस बसोबास गर्छन् । र, ती ८ अर्ब ३० करोड मानिसको विशाल भीडमा हामी पनि एउटा सानो अस्तित्व मात्र हौं। यो अनन्त ब्रह्माण्डको विशालता र फैलावटको तुलनामा हाम्रो स्थान यत्ति नै हो, हाम्रो आकार यत्ति नै हो र हाम्रो अस्तित्वको सीमा पनि यत्ति नै हो ।
तर विडम्बना के छ भने, यति सानो अस्तित्व बोकेर पनि हामीभित्र कति ठूलो अहंकार छ ! हामी आफूलाई कति महत्त्वपूर्ण ठान्छौं। आफ्नो पद, प्रतिष्ठा, सम्पत्ति, शक्ति र पहिचानलाई कति ठूलो सम्झन्छौं! जबकि यो विशाल ब्रह्माण्डको तुलनामा हाम्रो सम्पूर्ण अस्तित्व धुलोको एउटा कणभन्दा पनि नगण्य छ ।
सायद वास्तविक ज्ञान भनेकै आफू कति ठूलो छु भनेर प्रमाणित गर्नु होइन, बरू यो अनन्त ब्रह्माण्डको अगाडि आफू कति सानो छौं भन्ने कुरा आत्मसात् गर्नु हो। किनकि आफूलाई चिन्नु भनेको आफ्नो महानता देख्नु मात्र होइन, आफ्नो सीमितता बुझ्नु पनि हो।

पर्यटकको चाप बढेसंगै बन्दीपुरमा पार्किङ समस्या

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेसँगै बजार क्षेत्र पर्यटकले भरिभराउ हुन थालेको छ । पर्यटकको बढ्दो आगमनले स्थानीय व्यवसायी र पर्यटन व्यवसायीमा उत्साह थपिएको छ। तर, पर्यटकको चापसँगै सवारीसाधन व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। विशेषगरी अव्यवस्थित पार्किङका कारण बजार क्षेत्रमा आवागमन प्रभावित हुन थालेको छ ।

बन्दीपुर बजारका साँघुरा सडक तथा पैदलमार्गमा सवारीसाधन जथाभावी पार्किङ गर्दा पैदलयात्रीलाई आवतजावत गर्न कठिन भएको छ । यसले सम्भावित दुर्घटनाको जोखिमसमेत बढाएको स्थानीयको गुनासो छ ।

स्थानीय सुदिन पौडेलले पर्यटकको आगमन बढ्नु सुखद भए पनि सवारीसाधन व्यवस्थापनमा ध्यान नदिँदा बजार क्षेत्र अस्तव्यस्त बन्न थालेको बताएका छन् । पर्यटकका सवारीसाधन जथाभावी पार्किङ हुँदा सर्वसाधारणले सहज रूपमा हिँडडुल गर्नसमेत नपाएको उनको भनाइ छ ।

पर्यटकको चहलपहल बढेसँगै त्यसअनुरूप पार्किङ र ट्राफिक व्यवस्थापनमा पनि सुधार गर्नुपर्ने पौडेलले बताएका छन् । उनले सम्बन्धित निकायले समयमै ध्यान दिएर पार्किङ व्यवस्थापनको उचित प्रबन्ध गर्नुपर्नेमा जोड दिएका छन्।



पर्यटकीय आकर्षण, मौलिक कला, संस्कृति र सुन्दर बजारका कारण पहिचान बनाएको बन्दीपुरमा पर्यटकको संख्या बढ्नु अवसर हो। तर, बढ्दो पर्यटकीय गतिविधिलाई व्यवस्थित गर्न नसके त्यसले बजारको सौन्दर्य र पर्यटकको अनुभव दुवैमा नकारात्मक असर पार्न सक्छ । त्यसैले पर्यटकको स्वागतसँगै व्यवस्थित पार्किङ र प्रभावकारी ट्राफिक व्यवस्थापनलाई पनि प्राथमिकता दिनुपर्ने देखिएको छ।

आइतबारअघि नै धान भित्र्याउन मौसमविद्को आग्रह

भञ्ज्याङ समाचारदाता/तनहुँ

पश्चिमी वायुको प्रभाव क्रमशः बढ्दै गएपछि आगामी आइतबारदेखि सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भूभागमा वर्षा र हिमपात सुरू हुने सम्भावना देखिएको छ। केही स्थानमा मेघगर्जन, चट्याङ तथा असिनासमेत पर्न सक्ने भएकाले खेतमा काट्न बाँकी रहेको धानबाली र सुकाउन राखिएको पराल सुरक्षित गर्न मौसमविद्हरूले किसानलाई सुझाव दिएका छन्।

जल तथा मौसम विज्ञान विभागकी मौसमविद् विभूति पोखरेलका अनुसार शुक्रबार र शनिबार देशभरको मौसम सामान्यतया सफा रहनेछ । यी दुई दिन पहाडी तथा हिमाली भेगका फाट्टफुट्ट स्थानमा हल्का वर्षा देखिए पनि ठुलो मौसमी फेरबदल हुने छैन।

आइतबारबाट भने पश्चिमी वायु सक्रिय बन्दै सुदूरपश्चिम र कर्णालीका उच्च भूभागबाट मौसम बदलिने तथा त्यसको प्रभाव गण्डकी प्रदेशसम्म विस्तार हुने सम्भावना छ। यसैगरी बागमती र कोशी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा समेत छिटपुट वर्षा हुन सक्ने आकलन गरिएको छ।

मौसमविद् पोखरेलले हाल विकसित हुन लागेको मौसमी प्रणाली तीव्र गतिमा सर्ने प्रकृतिको भएकाले यसले कुनै असामान्य विपद्को जोखिम ननिम्त्याउने स्पष्ट पारिन्। मध्यम स्तरको वर्षा र हिमपात हुने अनुमान रहेकाले यस प्रणालीबाट हिउँदे बालीका लागि आवश्यक चिस्यान प्राप्त हुने र कृषि उत्पादनमा सकारात्मक योगदान पुग्ने उनको भनाइ छ। यद्यपि, असिना र वर्षाका कारण पाकेको धानबालीमा क्षति पुग्न सक्ने भएकाले पूर्वसतर्कता अनिवार्य मानिएको छ।

मौसमको अवस्थाबारे जानकारी दिँदै पोखरेलले भनिन्, 'आज र भोलि देशभरको मौसम सामान्यतया सफा रहने देखिन्छ। तर आइतबारदेखि पश्चिमी वायुको प्रभाव बढ्ने भएकाले सुदूरपश्चिम, कर्णाली र गण्डकीका पहाडी तथा हिमाली क्षेत्रमा वर्षा र हिमपातको सम्भावना छ।'

उनले अगाडि थपिन्, 'वर्षासँगै केही स्थानमा मेघगर्जन र असिनासमेत पर्न सक्ने भएकाले धान काट्न बाँकी रहेका किसानले विशेष सावधानी अपनाउनुपर्छ।'

मनसुनको समयमा एल निनोको प्रभावले कम पानी पर्ने आकलन गरिए तापनि नेपालमा नियमित वर्षा भएको सन्दर्भ उल्लेख गर्दै हिउँदको असर फरक हुने पोखरेलले बताइन्। मौसमी प्रणालीबारे थप प्रस्ट्याउँदै उनले भनिन्, 'हाल ठूलो मौसमी प्रणाली विकास भइसकेको छैन, त्यसैले आत्तिनुपर्ने अवस्था नरहे पनि विभागको नियमित मौसम पूर्वानुमान र परामर्शमा ध्यान दिनु आवश्यक छ।'

विशेषगरी मौसम नक्सामा पहेँलो संकेत गरिएका क्षेत्रका बासिन्दा तथा किसानहरूले अद्यावधिक सूचना हेरेर मात्र बाली भित्र्याउने योजना बनाउन विभागले आग्रह गरेको छ। समग्र हिउँदयामको मौसमी विश्लेषण भने विभागले छिट्टै सार्वजनिक गर्ने तयारी गरेको छ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४